अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा प्रतिवादीहश्रको हकमा पुनरावेदन गरिएका आधारहरु
१	खिम बहादुर विकसमेत (वि.अ. को मु.नं. ०७८-CR-०१२१), वि.अ. को फैसला मिति २०८०।१०।२५	सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको।	क.प्रस्तुत मुद्दामा प्रमुख प्रशासकीय अधिकृत खिम बहादुर वि.क., सव ईञ्जिनियर नवीन थापा, असिस्टेन्ट सव ईञ्जिनियर सनोज उपाध्याय र लेखापाल खडानन्द कँडेलले भष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको देखिदाँ निज प्रतिवादीहरु प्रमुख प्रशासकीय अधिकृत खिम बहादुर वि.क., सव ईन्जिनियर नवीन थापा, असिस्टेन्ट सव ईन्जिनियर सनोज उपाध्याय र लेखापाल खडानन्द कँडेललाई विगो रु. ७,९२,०९९।४९ (सात लाख बयानब्बे हजार उनान्सय रुपैयाँ उनानचास पैसा) कायम गरी भष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी नोक्सानी भएको विगो रु. ७,९२,०९९।४९ (सात लाख बयानब्बे हजार उनान्सय रुपैयाँ उनानचास पैसा) समेत निज प्रतिवादीहरू खिम बहादुर वि.क., नवीन थापा, सनोज उपाध्याय र खडानन्द कँडेलबाट सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम असुल उपर हुने गरी मागदावी लिइएको अवस्था देखिन्छ। ख.श्री सेभेन स्टेट बिल्डर्स, बारलुङ्गका	फैसलाः प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादीहरु उपरको अभियोग माग दावी पुग्न सक्ने अवस्था नदेखिएकोले आरोपदावीबाट प्रतिवादीहरुले सफाइ पाउने ठहरी विशेष अदालत, काठमाण्डौबाट मिति २०८०।१०।२५ मा फैसला भएको अवस्था देखिन्छ। विशेष अदालतले फैसला गर्दा लिएका आधारः क) प्रस्तुत मुद्दामा निज प्रतिवादीहरुले अभियोग दावी वमोजिम कसुरमा इन्कार भई वयान गरेको ख) प्रस्तुत आयोजनाको कार्यको मूल्याङ्कन गर्दा समान्य कार्यविधी पुर्याएको देखिएको । ग) सम्झौता वमोजिम कार्य सम्पन्न भई भुक्तानी समेत भई सकेको देखिएको ।	**क**)प्रस्तुत मुद्दामा आ.व.२०७५/०७६मा बारलुङ जिल्ला काठेखोला गाउँपालिकाको २०७५/०७६ को नीति, कार्यक्रम र वार्षिक योजनामा मर्मत संम्भार तर्फ २५ लाख विनियोजन भएको भएता पनि मिति २०७५/०५/११ को कार्यपालिकाको बैठकबाट विभिन्न १३ योजनाका लागि एकमुष्ट रुपमा विनियोजित २२ लाख ५२ हजार ५०० रकम मध्ये २१ लाख ९५ हजार ३ रुपैयाँ खर्च कार्यपालिकाको मिति २०७५/०७/१३ को बैठकबाटै अनुमोदन गरिएको अवस्था देखिन्छ। योजनाको काम छिटो सक्ने बहानामा रकम विनियोजनको निर्णय गर्दा नै ५ लाख भन्दा कमका आयोजना बनाई रकम विनियोजन गरिएको भन्ने देखिएको साथै नगरसभाबाट एकमुष्ट रकम विनियोजन भएकोमा साईटहरु यकिन नै नगरी काल्पनिक नामहरु Site १, Site २ जस्ता विवरण उल्लेख हुनु, एकै वडामा पनि दोहोरो पर्ने गरी ठेकेदारहरुलाई योजना बाँडफाँट गर्नु, एक लाख भन्दा बढी लागत अनुमान हुने योजनाहरुमा कम्तीमा ३ वटा कोटेशन लिई कार्य गराउनु पर्नेमा सिधै निर्माण जिम्मेवारी दिईनु, ५ लाख भन्दा बढीको योजनाहरुमा शीलबन्दी दरभाउ पत्रबाट कार्य गर्नु पर्नेमा सो प्रकृया पूरा नगरी सिधै काम गर्ने जिम्मेवारी दिईनु, काम गर्ने जिम्मेवारी दिँदा गरिएको सम्झौतामा केबल दररेट मात्र उल्लेख गरिएको तथा कुन योजना कुन निर्णय मार्फत् कुन निर्माण व्यवसायीलाई दिईएको हो नखुल्ने गरी अपारदर्शी हिसाबले कार्य गरेको, सम्झौता तथा संलग्न कागजातहरूमा केरमेट गरिएको संलग्न कागजातको अध्ययनबाट देखिरहेको अवस्थामा काम गर्नु पूर्व नै मिलेमतो गरी योजनाबद्ध ढंगले योजनालाई साना साना टुक्रामा विभाजन गरी, दरभाउ पत्र समेत नलिई सामान्य निवेदनको भरमा एक फर्मलाई एक वडाको जिम्मेवारी दिएकोमा सोही वडाको एकै साईटमा एकै अवधिमा अर्को फर्मलाई समेत जिम्मेवारी दिएको भन्ने तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिई भएको विशेष अदालतको फैसला प्रमाण र कानूनको रोहमा त्रुटीपूर्ण रहि वदरभागी रहेको छ । **ख**)गाउँपालिकाको ३ नं. वडा भित्रका सडक मर्मत गर्ने जिम्मा भण्डारी निर्माण सेवालाई दिईएको भएता पनि तत्काल काम सुचारु भै नसकेको र तत्कालिन समयमा पहिरो हटाउने कार्य नभएमा साबिक वडा नं. ३, ४ र ९ का बासिन्दाहरुलाई सदरमुकामसम्मको पहुँच नहुने हुनाले वडा नं ३ का सचिव देवेन्द बहादुर थापाले रु.७५,९०३।-रुपैयाँमा अमानतमा लिई कार्य गरेको देखिन्छ भने निजले पेश गरेको बिल भरपाईबाट कूल ६६,४००।- रुपैयाँ हुन आएको सम्बन्धित वडाध्यक्षले गरेको

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			प्रोपाईटर दिपेन्द्र बहादुर खड्काले भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिदाँ निज प्रतिवादी दिपेन्द्र बहादुर खड्कालाई विगो रु. ३,५३,१६२।२९ (तिन लाख त्रिपन्न हजार एक सय बैसठ्ठी रुपैया उनान्तिस पैसा) कायम गरी भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी नोक्सानी भएको विगो रु. ३,५३,१६२।२९ (तिन लाख त्रिपन्न हजार एक सय बैसठ्ठी रुपैया उनान्तिस पैसा) निज प्रतिवादी दिपेन्द्र बहादुर खड्काबाट ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै जफत हुने मागदावी लिइएको अवस्था देखिन्छ। ग.अर्गेजा निर्माण सेवाका प्रोपाइटर मसुमन अर्गेजा र सोही कन्सट्रक्सनका प्रतिनिधि तथा काठेखोला कन्सट्रक्सन प्रा.लि. का प्रोपाइटर टंक बहादुर कुँवरले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिदाँ निज प्रतिवादीहरु अर्गेजा निर्माण सेवाका प्रोपाइटर मसुमन अर्गेजा र सोही कन्सट्रक्सनका प्रतिनिधि तथा काठेखोला कन्सट्रक्सन प्रा.लि. का प्रोपाइटर टंक बहादुर कुँवरलाई विगो रू १,५१,२१०।९५ (एक लाख एकाउन्न		डोरहाजिरी प्रमाणित तथा वडा कार्यालयको सिफारिसमा समेत एक दिनको जनश्रमदान गराईएको उल्लेख हुँदाहुँदै उक्त कार्यमा रु ९,५०३।-(नौ हजार पाँच सय तिन) बढी भुक्तानी लिए/दिएको देखिन्छ ।काठेखोला गाउँपालिका वडा नं १ पालाको Site १-५ सम्म १४१५.२५ घ.मि कार्यको लागि र वडा नं ७ रेशाको site १-४ सम्मको १५६१.७२ घ.मि को लागी खुसु निर्माण सेवासँग मिति २०७५/०४/२५ मा सम्झौता भई २०७५।०६।२१ गते कार्य सम्पन्न भएको प्रतिवेदन तयार गरी भूक्तानी भईसकेको र वडा नं ७ रेशाको Site १-१७ सम्म १७५२.२३ घ.मि कार्यको लागी अर्गेजा निर्माण सेवासँग मिति २०७५/०६/०२ गते सम्झौता भई मिति २०७५/०८/२७ मा कार्य सम्पन्न भई भुक्तानी भएको देखिता पनि पुनः मिति २०७५/०६/१२ गते सेभन स्टेट विल्डर्ससँग सम्झौता गरी उक्त साईटहरूको कामको जिम्मा दिएको देखाई अर्को फर्मले गरी सकेको सबै साइटहरु (१-१७)को काममा परिमाण समेत बढाई सेभेन स्टेट विल्डर्सले गरेको भनी कूल ६२५०.६६ घ.मी कार्यको दोहोरो नापी किताब तयार गरी मिति २०७५/०७/१३ मा भुक्तानी गरी हिनामिना गरेको कूल रकम रु ३,५३,१६२।२९ (तिन लाख त्रिपन्न हजार एक सय बैसठ्ठी रुपैयाँ उनान्तिस पैसा) भ्रष्टाचारजन्य कार्य भएको सप्रमाण पुष्टी भन्ने मिसिल संलग्न प्रमाण कागजवाट देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई हुने ठहर गरी भएको फैसला त्रुर्टीपूर्ण भई वदरभागी रहेको छ । **ग)**अर्गेजा निर्माण सेवाले गाउँपालिकासँग मिति २०७५।०६।०२ को सम्झौता बमोजिम गरिएको भनी वडा नं ४ तंग्रामको Site १ देखि Site ४ मा १९९०.५ घन मिटर तथा वडा नं ७ रेशा को Site १ देखि Site ४ मा ६८५.८ घन मिटर यसअघि नै मिति २०७५।०४।२५ मा खुसु निर्माण सेवासँग सम्झौता भई २०७५।०६।२१ गते कार्यसम्पन्न भएको प्रतिवेदन तयार गरी भुक्तानी भई सकेको अवस्थामा पुनः अर्गेजा निर्माण सेवालाई कामको जिम्मा दिएको देखाई २६७६.३ घ.मी कार्यको दोहोरो नापी किताब तयार गरी भुक्तानी दाबी गरेको तथा कार्यालयबाट मिति २०७५/०७/१३ मा भुक्तानी दिलाएको कुल रकम १,५१,२१०।९५ (एक लाख एकाउन्न हजार दुई सय दश रुपैयाँ पन्चानब्बे पैसा) भ्रष्टाचारजन्य कार्य भएको देखिन्छ भने त्यसैगरी खुसु निर्माण सेवासँग मिति २०७५।०४।२५ मा सम्झौता भए बमोजिम वडा नं २ भीमपोखरा को Site १-Site ४ मा ८१३.६ घ.मि., वडा नं ३ धम्जाको Site १-Site ४ मा ९३४ घ.मि. र वडानं ४ तंग्रामको Site १- Site ४ मा ९४१.३ घ.मि. बराबरको कामको

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			हजार दुई सय दश रुपैयाँ पन्चानब्बे पैसा) कायम गरी भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी नोक्सानी भएको विगो रू १,५१,२१०।९५ (एक लाख एकाउन्न हजार दुई सय दश रुपैयाँ पन्चानब्बे पैसा) निज प्रतिवादीहरु मसुमन अर्गेजा र टंक बहादुर कुँवरबाट सोही ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै जफत हुने मागदावी लिइएको अवस्था देखिन्छ। घ.खुसु निर्माण सेवाका सुर्य बहादुर भण्डारीले भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा ४ बमोजिमको कसुर गरेको देखिदाँ निज भण्डारी निर्माण सेवाका प्रोपाइटर प्रतिवादी गणेश बहादुर भण्डारीलाई विगो रु. १,५१,९२२।८५ (एक लाख एकाउन्न हजार नौ सय बाइस रुपैयाँ पचासी पैसा) कायम गरी भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी नोक्सानी भएको विगो रु. १,५१,९२२।८५ (एक लाख एकाउन्न हजार नौ सय बाइस रुपैयाँ पचासी पैसा) निज प्रतिवादी गणेश बहादुर भण्डारीबाट ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै जफत हुने मागदावी लिइएको अवस्था देखिन्छ।		२०७५।०६।२१ गते कार्यसम्पन्न भएको प्रतिवेदन तयार गरी भुक्तानी भई सकेको अवस्थामा पुनः भण्डारी निर्माण सेवालाई मिति २०७५।०५।१० मा सम्झौता गरी उक्त साईटहरूमा कामको जिम्मा दिएको देखाई २६८८.९ घ.मी कार्यको दोहोरो मूल्याङ्कन गरी नापी किताब तयार गरी/गराई मिति मिति २०७५/०६/२८ मा भूक्तानी गरी रु. १,५१,९२२।८५ (एक लाख एकाउन्न हजार नौ सय बाईस रुपैंया पचासी पैसा) बराबर भ्रष्टाचारजन्य कार्य भएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा हुने गरी भएको फैसला प्रमाण मुल्याङ्नको रोहमा त्रुर्टीपूर्ण भई वदरभागी रहेको छ । **घ)**श्री भण्डारी निर्माण सेवा बाग्लुङ्गका प्रोपाईटर श्री गणेश बहादुर भण्डारीले खुसु निर्माण सेवाका सुर्य बहादुर भण्डारीलाई लेटरप्याड र दस्तखतयुक्त चेक दिएको, सबै कामहरू खुसु निर्माण सेवाले नै गरेको आफूले सम्झौतामा हस्ताक्षर समेत नगरेको भनी बयानको क्रममा खुलाई दिएको र खुसु निर्माण सेवाका सुर्य बहादुर भण्डारीले समेत निजको बयानलाई प्रमाणित गर्ने गरी बयान गरेको देखिँदा उक्त दुबै पक्षको मिलेमतोमा नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने कार्य भएको पुष्टी हुन आएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा हुने गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **ङ)** श्री सातविसे कन्स्ट्रक्सन प्रा.लि. बाग्लुङ्गले मिति २०७५।०५।२५ मा भएको सम्झौता बमोजिम गरेका भनिएका कामहरूको सम्बन्धमा वडा नं. ५ र ६ बिहूकोटको नापी किताबमा साईटहरुमा लम्बाई चौडाई एकै किसिमको उल्लेख गरिएको पाईयो भने टंक बहादुर कुँवरको नाममा पेश भएका तीन फरक कागजातमा ३ किसिमको दस्तखत रहेको देखिन्छ।मिति २०७५।०४।२५ मा खुसु निर्माण सेवासँग सम्झौता भई २०७५।०६।२१ गते कार्यसम्पन्न भएको प्रतिवेदन तयार गरेकोमा सोही अवधि भित्र श्री सातविसे कन्सट्रक्सनलाई पनि वडा नं ६ बिहूकोटमा Site १-Site ६ को कूल २००३.४ घ.मि., वडा नं ८ लेखानी मा Site १-Site २ को ४००.२ घ. मि. बराबरको कामको जिम्मा दिएको देखाई २४०३.६ घ.मि. कार्यको दोहोरो भुक्तानी भएको रकम रु. १,३५,८०३।४० (एक लाख पैँतिस हजार आठ सय तिन रुपैंया चालीस पैसा) बराबरको भ्रष्टाचारजन्य कार्य भएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा हुने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **च)**प्रतिवादीहरुले योजनालाई साना साना टुक्रामा विभाजन गरी, दरभाउ पत्र समेत नलिई सामान्य निवेदनको भरमा मात्र एक फर्मलाई एक वडाको जिम्मेवारी दिएकोमा सोही वडाको एकै साईटमा एकै अवधिमा अर्को फर्मलाई समेत जिम्मेवारी दिएको र अर्को

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/१९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

			६.कन्सट्रक्सनका प्रोपाईटर मनोज खड्का र सोही कन्सट्रक्सनका प्रतिनिधि तथा काठेखोला कन्सट्रक्सन प्रा.लि. का प्रोपाइटर टंक बहादुर कुँवरले भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा ४ बमोजिमको कसुर गरेको देखिदाँ निज प्रतिवादी सातविसे कन्सट्रक्सन प्रा.लि को प्रोपाइटर मनोज खड्का र सोही कन्सट्रक्सनका प्रतिनिधि तथा काठेखोला कन्सट्रक्सन प्रा.लि. का प्रोपाइटर टंक बहादुर कुँवरलाई विगो रु. १,३५,८०३।४० (एक लाख पैतिस हजार आठ सय तीन रुपैयाँ चालीस पैसा) कायम गरी भष्ट्राचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी हानी नोक्सानी भएकोविगो १,३५,८०३।४० (एक लाख पैतिस हजार आठ सय तीन रुपैयाँ चालीस पैसा) ऐ. ऐनको दफा ८ को उपदफा ४ बमोजिम निज प्रतिवादी मनोज खड्का र टंक बहादुर कुँवरबाट जफत हुने मागदावी लिइएको अवस्था छ।		फर्मबाट समेत काम भएको भनी नापी किताब तयारी देखि भुक्तानी गर्ने कार्य आयोजना निर्माण व्यवसायीलाई वितरण गरेको र नभए नगरेको कार्यको समेत नापि किताव तयार गरी गर्न लगाई भूक्तानी समेत गरिएको भन्ने देखिरहेको र सो कार्यवाट नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको भन्ने व्यहोरा देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई हुने ठहर गरी भएको विशेष अदालतको फैसला त्रुर्टीपुरंण रहि वदरभागी रहेको छ ।